## खाँडाचक्र नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या : १** **मिति :**

## भाग-२

### खाडाचक्र नगरपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी -२०७६

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।१।२६**

**प्रस्तावनाः**

कृषि क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन तथा पशुपालन ,सहकारी ,उत्पादन व्यवस्थापन , संचालन र , कृषि प्रसारको व्यवस्थापन ,सिंचाइ ,कृषि सडकनियन्त्रणका लागि संस्थागत विकास गर्न सम्बद्ध कृषकलाई ज्ञान सूचना प्रविधि एंव ब्यवसायिकरणको माध्यमबाट कृषि क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्वलाई बृद्धि गरी आय र रोजगारीमा बृद्धि गर्न नगरपालिका तहमा कार्यत्रत्र्म संचालनका विभिन्न मापदण्ड निधारण गरि त्यसका आधारमा गुणस्तरीय सेवा प्रदान गर्न सम्बद्ध सरोकारवाला सबैको क्षमता विकास गरि पहुच बढाउन , अनुगमन, नियमन र नियन्त्रणको प्रणालिगत विकास गर्न गराउन समेत आवश्यक देखिएकोले **स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा २** को अधिनमा रही नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

<u>**परिच्छेद १**</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "खाडाचक्र नगरपालिका कृषि विकास कार्यत्रत्र्म संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहको छ ।

२) खाडाचक्र नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन लाइ सम्झनु पर्छ । २०७४ ,

ख) "कानून" भन्नाले संघीय कानूनप्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ । ,

ग) "नगरपालिका" भन्नाले खाँडाचक्र नगरपालिकालाइ सम्झनु पर्छ।

घ) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा बमोजिमको (१) नगर सभा सम्झनु पर्छ ।

ङ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

च) भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ । "प्रमुख"

छ) उपप्रमुख"" भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

ज) "वडा अध्यक्षभन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ । "

झ) " प्रमुख प्रशासकिय अधिकृत" नगरपालिकाको प्रशासकिय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

ञ) "कृषि वा कृषि क्षेत्र" भन्नाले जीवन धान्न (sustain) र विकास/बृद्धि (growth) का लागि आवश्यक खाना (food), रेशा (fiber), जैविक उर्जा (biofuel), जडिबुटि (medicinal plants) र अन्य बस्तु (other products) उत्पादन गर्न प्रयोग गरीने विरुवा (plants),पशुपन्छि (animals) (माछा समेत) र ढुसी/च्याउजात (fungi) को खेती (cultivation) वा पालन (husbandry) र प्रजनन (breeding) सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउंदछ। यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र/उपकरण, प्राविधिक सेवाटेवा र उत्पादित बस्तुहरुको भण्डारण र बिक्रि बितरणको व्यवस्थापन समेत पर्दछन्।

ट) "कृषक" भन्नालेउद्यमी र ब्यबसायी भन्ने बुझाउ ,कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक -ँदछ।

ठ) "समिति "भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार नगरपालिकामा गठन भएको कृषि बिकास समिति तथा उपसमितिलाई जनाउँछ ।

## परिच्छेद २

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्**

क) नगरपालिकामा कृषि विकास कार्यक्रमलाई प्रणालीगत रुपमा संचालन र व्यवस्थापन गर्न गराउन र त्यसको रेखदेख, समन्वय र नियमन गर्न गराउन र त्यसको संस्थागत व्यवस्था गर्न ।

ख) नगरपालिकामा वस्तिस्तर देखि नै कृषकको आवश्यकता र प्राथमिकता वमोजिम तिनीहरुकै संलग्ता र सहभागितामा कृषि विकास कार्यक्रमको सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गर्न ।

ग) नगरपालिकामा विभिन्न सरकारी , गैरसरकारी, विकास साझेदार, वित्तीय संस्था, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने कृषि विकास कार्यक्रमलाई दोहोरो नपर्ने गरि एकिकृतरुपमा संचालन र व्यवस्थापन गर्न।

घ) नगरपालिकामा कृषि सम्बन्धि नयाँ प्रविधि अवलम्बन गरी गराइ उत्पादन र उत्पादकत्व बृद्धि गराइ व्यवसायिक खेति प्रणाली अवलम्वन गर्ने।

ङ) नगरपालिका तहमा समावेशी , लैङिगक एंव वातावरण मैत्री र जलवायु परिवर्तन अनुकुलन व्यवस्थापन गर्ने।

च) नगरपालिकामा सबै सरोकारवाला कृषक , समुह, संस्था, अगुवा कृषक, कृषि प्राविधिक कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न गराउन क्षमता विकासमा सहयोग पुर्याउन ।

**४. उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने नीति र रणनीति**

क) कृषि प्रणालीको संभाव्यता अनुसार नगरपालिकामा प्रमुख उत्पादन हुने कृषि खेति प्रणालीको पहिचान गरी नगरपालिकाका वस्ति अथवा पकेटमा सोही बाली वा खेतिलाई प्रोत्साहन गर्ने उन्नत ज्ञान , सिप, नयाँ प्रविधि, उन्नत बिउबिजन, कृषि सामग्री (जैविक, रसायनिक) , सिंचाइ सुविधा, संस्थागत कर्जा, कृषि औजारको प्रयोगलाई प्रवर्धन गर्न गराउन सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट समेत प्राविधिक सहयोग परिचालन गरिने ।

ख) नगरपालिकामा कृषि विकास कार्यक्रमलाई एकद्धार प्रणाली अवलम्बन गरि संचालन गर्न गराउन र सरोकारवाला सबैसंग समन्वय गरि कार्यक्रम संचालन र व्यवस्थापन गर्नका साथै नगरपालिकामा कृषि विकास समिति यस कार्यविधिको दफा ७ को उप -दफा १ बमोजिम गठन गरि त्यस समितिको काम, कर्तव्य र जिम्मेवारी स्पष्ट गरिने ।

ग) नगरपालिका तहमा सहभागितात्मक योजना तर्जुमा प्रकृयाको संस्थागत सुदृढिकरण , कृषि विकास कार्यक्रमको, अन्य बिषय क्षेत्र अन्तर्गत संचालन हुने योजना कार्यक्रम संग अन्तरसम्बन्ध स्थापनाबाट परिपूरकता कायम गरि एकिकृत योजना प्रकृया अवलम्बन गर्न सरोकारवाला बीच पारस्परिक साझेदारीको विकास गरिने रणनीति अवलम्वन गरिने ।

घ) कृषि कार्यक्रमलाई वडा र वस्ति तहमा निक्षेपित वा प्रत्यायोजित गरिनुका साथै नगरपालिका तहमा संघीय वा प्रदेशस्तरका कार्यक्रमहरुसंग पनि समन्वय गरी संचालन गरिने ।

ङ) नगरपालिका स्तरमा कृषि क्षेत्रमा देखिएको कृषि जनशक्तिको कमीलाई सम्बोधन गर्न विभिन्न उत्प्रेरणात्मक कार्यक्रम संचालन गरी कृषि पेशामा श्रमिक आकर्षित गरिने ।

## परिच्छेद ३

**५. विषयगत कार्यक्षेत्र : यस कार्यविधिमा देहायका विषय समावेश हुने छन्:**

क) नगरपालिकामा कृषि विकास कार्यत्रत्र्म संचालन र व्यवस्थापन गर्ने संस्थागत संयन्त्र , साथै अन्य सबै सँगको अन्तर सम्बन्ध स्पष्ट हुने।

ख) नगरपालिकामा सहभागितामूलक कृषि कार्यक्रमको एकिकृत कार्यत्रत्र्म र बजेट तर्जुमाका चरण र प्रकृया प्रस्तुत गरिनुका साथै अन्य क्षेत्र सँगको अन्तर सम्बन्ध समेत स्पष्ट हुने ।

ग) नगरपालिकामा अख्तियारी र रकम प्रवाह प्रकृयाको विधि र प्रकृया स्पष्ट हुने ।

घ) कृषिलाई सन्निकटताको सिद्धान्त बमोजिम संचालन र व्यवस्थापन गर्न कृषक समूह तथा वडास्तर सम्म अधिकारको निक्षेपण, प्रत्यायोजनको पद्धति स्पष्ट गरिने।

**६. नगरपालिकाको कृषि सम्बन्धी जिम्मेवारी:**

१) कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन र पशु ,स्वास्थ्य सम्बन्धी :

क) स्थानीय नीति, कानुन, मापदण्डअनुगमन र नियमन ,कार्यान्वयन ,योजना ,

ख) कृषि तथा पशुपन्छी बजार सूचना साना सिंचाई निर्माण ,बजार तथा हाटबजार पूर्वाधार निर्माण ,र सुधार, तालिमकृषि सामाग्री आपूर्ति र कृषक क्षमता व ,प्रविधिक टेवा ,प्रविधि प्रसार ,िकास कार्यत्रत्रम संचालन अनुगमन र नियमन ,

ग) कृषि तथा पशुपंछी जन्य प्राकृतिक प्रकोप तथा माहामारी रोग नियन्त्रण

घ) पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन

ङ) कृषि वातावरण, जैविक विविधता संरक्षण र प्रबर्द्धन

च) उच्चमूल्ययुक्त कृषि जन्य बस्तुको प्रवर्धन तथा विकास र बजारीकरण

छ) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन

ज) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन

झ) पशु आहारा गुणस्तर नियमन

ञ) पशु बधशाला र शीत भण्डारणको व्यबस्थापन र नियमन

ट) पशुपन्छी सम्बन्धि बीमा र कर्जा सहजीकरण

ठ) पशुपालन र पशु स्वास्थ सम्बन्धि अन्य कार्य

२) कृषि प्रसार सम्बन्धी :

क) स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

ख) जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन

ग) कृषकहरुको क्षमता अभिबृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिकरण

घ) कृषि वीउ विजन, नश्ल, मलखाद्य र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन

ङ) कृषक समूह, कृषि सहकारी र स्थानीय सम्बद्ध संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन

च) स्थानीय स्तरमा कृषि सम्बन्धि प्रविधि संरक्षण र हस्तान्तरण

छ) कृषि सम्बन्धि सूचना प्रचार प्रसार

ज) स्थानीय स्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन

झ) प्राङ्गारिक खेति तथा मलको प्रवर्द्धन र प्रचार, प्रसार

ञ) कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धि अन्य कार्य

३) वडासमितिको कृषि विकास सम्बन्धि जिम्मेवारी :

खाडाचक्रनगरपालिकाको वडा समिति लाई देहाय बमोजिमका कृषि सम्बन्धि अधिकार हुनेछ ।

क) सभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ति र टोलस्तरबाट कृषि सम्बन्धि योजना तर्जुमा प्रकृया अवलम्बन गरी बस्ति वा टोलस्तरीय योजना माग संकलन तथा प्राथमिकिकरण तथा छनौट गर्ने ।

ख) वडा भित्र संचालन हुने योजनाहरुको लागि उपभेक्ता (कृषि समूह, संस्था) समितिको गठन तथा सोको अनुगमन गर्ने ।

ग) वडाको पार्श्वचित्र (Profile) तयारी तथा अध्यावधिक गर्ने ।

घ) कृषि तथा फलफूल नर्सरीको स्थापन , समन्वय र प्रवर्द्धन , वडास्तरीय कृषि अगुवाको तालिमको अभिमूखिकरण गर्ने ।

ङ) कृषि वीउ, बिजन, मल तथा औषधीको माग संकलन बितरण गर्ने ।

च) कृषिमा लाग्ने रोगहरुको विवरण संकलन र व्यवस्थापन गर्ने।

छ) पशुपंछि विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने ।

ज) वडा भित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

झ) प्राराङ्गारिक कृषि प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।

ञ) खाद्यान्न, माछा, मासु, फलफूल, तरकारी, पेयपदार्थ तथा उपभोक्ता सामाग्रीको गुणस्तर र मूल्यसूचि अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

ट) हाट बजारको व्यवस्थापन गर्ने गराउने ।

## परिच्छेद ४

### ७) कृषि कार्यत्रुम संचालन र व्यवस्थापनका लागि संस्थागत संरचनाः

क) नगरपालिकाको कृषि विषय हेर्नको लागि कृषि विकास शाखा रहने ।

ख) नगरपालिकाले निर्धारण गरेको कार्य जिम्मेबारीलाई पूरा गर्नसक्ने गरी वडा स्तरमा कृषि सेवा केन्द्र स्थापना गरी कार्य संचालन गर्ने ।

ग) नगरपालिकाले आफ्नो क्षेत्रभर वा कुनै भागमा छुट्टै लागू हुने गरी कृषि सम्बन्धी सामग्री, विउ विजन, विभिन्न जातका फलफूलका विरुवा खरिद र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न कृषि सम्बन्धि दररेट निर्धारण लगाएत कृषि सम्बन्धी कार्य सम्पादन गर्न निम्न बमोजिम नगर स्तरीय कृषि विकास समितिगठन गर्ने:

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| कार्यपालिका सदस्यहरुमध्ये बाट महिला, दलित सहित ३ जना | सदस्य |
| समितिले मनोनयन गरेको किसानमध्ये २ जना | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

समितिले कृषि सँग सम्बन्धित बिशेषज्ञ वा अनुभवि कृषक कृषिक्षेत्रमा उत्कृष्ट ,योगदान पुर्याउनेव्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

घ) समितिको बैठक बर्षको तीन पटक अनिवार्य रुपमा बस्नु पर्नेछ ।

ङ) समितिको बैठक भत्ता तथा अन्य ब्यबस्था नगरपालिकाको नियम बमोजिम हुनेछ ।

**१. कृषि विकास समितिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व:**

**समूह गठन र परिचालन:**

क) प्रत्येक बस्तिमा आवश्यकता अनुसारका व्यवसायिक कृषि समूह, संस्था गठन गर्ने ।

ख) गठन भएका कृषि समुहहरुलाई नियमानुसार दस्तुर लिई नगरपालिकामा दर्ता तथा नवीकरण गर्ने ।

ग) कृषि समूहलाई नगरपालिकामा दर्ता गरी अनुसचि १ बमोजिमको दर्ता प्रमाणपत्र दिई लागत अध्यावधिक गरी राख्ने।

घ) समूहहरुलाई सहकारी संस्थामा आबद्ध हुन समेत उत्प्रेरित गर्ने।

ङ) कृषक समूहलाई समूहको बिशेषता अनुसारको तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रम संचालन गरी क्षमता विकास गराउने।

**२. स्थानीय एग्रोभेटको छनौट र संलग्नता:**

क) स्थानीय तहमा निजीक्षेत्रको संलग्नता बढाउन स्थानीयतहमा एग्रोभेटहरु स्थापना गर्नका लागि प्रोत्साहन गर्ने ।

ख) नगरपालिकामा एग्रोभेट दर्ता गराई वीउ, विजन, औषधि, स-साना कृषि उपकरण सहज उपलब्ध गराउने व्यवस्था गर्ने ।

**३. कृषिको थोक तथा खुद्रा व्यापार प्रबर्द्धन गराउने:**

क) कृषकलाई उचित मूल्य प्रदान गर्ने व्यवस्था मिलाउनुका साथै उपभोक्तालाई विचौलियाको जथाभावी मूल्यबाट जोगाउने ।

ख) नगरपालिका क्षेत्रमा खाद्यान्न तथा पशु हाट बजार राष्ट्रिय र अन्तरराष्ट्रिय ,चिस्यान केन्द्र , निकासीको ब्यवस्थागर्ने ।

**४. अन्य कार्यहरु**

क) CTEVT बाट सम्बन्धन प्राप्त कृषि विद्यालयहरु संग सम्बन्ध स्थापना गर्ने ।

ख) राष्ट्रिय एवं प्रादेशिक अनुसन्धान केन्द्रहरुसंग सहकार्य गरी स्वीकृत उन्नत प्रविधि र विउ विजनहरु कृषकको थलोमा प्रदर्शन गराउन समेत सहजिकरण गर्ने ।

ग) कृषि कार्यक्रमलाई स्थानीय योजना चक्रमा आबद्ध गराउन योजना तर्जुमाका प्रत्येक चरणमा स्थानीय योजना तर् , वडास्तरमा गरिने कार्य , बजेट पुर्वानुमान)जुमा समिति ,अनुदान आदि सम्बन्धीनीतिगत तथा कार्यगत समन्वय स्थापित गरी तोकिएको समयमा कार्य गर्ने । (

घ) योजना तर्जुमा गर्दा नै कृषकलाई के कस्तो प्राविधिक आर्थिक वा वस्तुगत सहयोग चाहिने हो , त्यस्को स्पष्ट पहिचानगर्ने ।

ङ) स्थानीय कृषक समूहअगुवा वा अन्य सरोकारवालाहरु ,सहकारी ,संग अन्तरकृया गर्ने

च) उद्यमी किसान तथा अनुभवि अगुवा किसानका लागि क्षमता विकासका कार्यक्रम संचालन गर्ने र तिनको सीप, ज्ञान, अनुभवलाई पहुँच नपुगेका कृषक सम्म पुर्याउने ।

छ) कृषिकार्यको उत्तम अभ्यासको आदानप्रदान, प्रचार, प्रसार (मेला, प्रदर्शनी, अवलोकन भ्रमणको ) आयोजना गर्ने ।

ज) माटोसुधार, प्रारांगारिक पदार्थ व्यबस्थापन, प्रारांगारिक एंव कम्पोष्ट मल, कृषि चुनको प्रयोग तथा भकारो सुधार र दिगो कृषि विकास गतिविधि संचालन गर्ने ।

झ) व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रबर्द्धन गर्नको लागि हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेतिलाई प्रोत्साहन गर्ने ।

ञ) तरकारी खेतीलाई स्वस्थरुपमा उत्पादन गर्नको लागि कृषक पाठशाला पद्धति अवलम्बन गर्न प्रोत्साहन गर्ने ।

ट) बाली उपचार शिविर कार्यत्रम संचालन गर्ने ।

ठ) फलफूलको नर्सरी स्थापना गरी नर्सरी लाई श्रोत केन्द्रको रुपमा विकास गर्ने ।

ड) स्थानीय संभाव्यताका आधारमा सुन्तला, कागती, आँप , केरा, मौसम, दाते ओखर , स्याउ , हलुवावेद, किवि, नासपति, अलैचि, जैतुन आदि जस्ता फलफुल खेतिलाई व्यवसायिकरुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुरयाउने।

ढ) उन्नत गहुँ, मकै, धान, कोदो, फापर आदिको प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यत्रम संचालन गर्ने ।

ण) नगदे बाली प्रवर्द्धन (कफि, अदुवा, बेसार, लसुन, प्याज, केशर, अलैची, मेन्था, सजीवन आदि) विकास तथा व्यवसायिकरण गर्ने कार्यत्रम संचालन गर्ने ।

त) मौरी, कन्ये सिताके गोब्रे च्याउको व्यवसायिककरणको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने

थ) उन्नत जातका वीउ बिजन उत्पादन तथा प्रवर्द्धन, नर्सरी स्थापना र सुदृढिकरण (खाद्यान्न, तेलहन, दलहन,तरकारी, भुइघास, डालेघास, फलफूल आदि) गर्ने।

द) कृषिका सामाग्रीहरु (टेक्टर, सामाग्री ढुवानीको लागि पिक अप जिपमिनि टिलर, धान, मकै तथा गहुँ चुट्ने थ्रेसर, पानी तान्ने सोलार पम्प, मोटर, जेनेरेटर सिकेचर ,आरी ,स्प्रेयर ,प्लाटिक पाईप , लगायतका सामाग्री) को प्रदर्शन र सामुहिकरुपमा प्रयोगको लागि प्रोत्साहित गर्ने ।उक्त सामाग्रीहरुलाई नगरपालिकाको निर्णयको आधारमा ५० देखि १०० प्रतिशत सम्म अनुदानमा उपलब्ध गराउने ।

ध) साना सिंचाई प्रविधि हस्तान्तरण तथा प्रबर्द्धन (बर्षाको पानी संकलन तथा प्रयोग, कुलो, पोखरी, स्प्रिङ्कलर, थोपासिंचाई, प्लाष्टिक पोखरी आदी) सम्बन्धि कार्य गर्ने ।

न) कृषि सम्बन्धि नीति, ऐन, योजना, गुरुयोजना तर्जुमा, मापदण्ड निर्धारण र नियमन सम्बन्धि कार्य गर्ने ।

ऩ) स्थानीय स्तरमा तरकारी खेति, पशुपालन, फलफूल खेति, माछापालन, कुखुरा पालन आदी कार्यमा व्यवहारिक ज्ञान आर्जन गरेका कृषकहरुलाई छनौट गरी तालिम समेत प्रदान गरी श्रोत व्याक्तीको रुपमा परीचालन गर्ने।

प) किसान देखि किसान कार्यक्रमलाई संचालनव्यवस्थापन र प्रोत्साहित गर्ने । ,

फ) स्थानीय कृषक समूह, महिला कृषक, साना तथा सिमान्त किसान, जग्गाविहिन आदीलाई उनीहरुको चाहना र प्रथामिकता अनुसारका कार्यत्रत्र्म तर्जुमा गरी संचालनको व्यवस्था मिलाउने।

ब) स्थानीयतहमा कार्यरत कृषि सेवा प्रदायकको सूचि तयार गरी नियमित रुपमा अध्यावधिक गराई राख्ने यसरी सूची तयार गर्दा ती संस्थाले स्थानीय तहको कुन कस्ता प्रकृतिका कृयाकलाप वा , कार्यक्रम बस्ति/टोलमा परिवारमा केन्द्रित गरेका छन त्यसको विबरण तयार गर्ने र दोहोरो नपर्ने गरी कार्यक्रम समन्वयित रुपमा संचालन गर्ने ।

भ) संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोगको लागि उपाय पहिचान गरी आपसी समन्वयमा प्राविधिक जनशक्तिको परिचालन गर्ने।

म) वस्ति/टोलमा बाह्य श्रोत साधनबाट संचालन गरिने कृषि कार्यक्रम संबन्धित संस्था संग औपचारिक सम्झौता गरी संचालन र व्यवस्थापन गर्ने ।

य) जानकारीमूलक सूचना समेटिएको ब्रोसर (खाद्ध्य सुरक्षाको स्थिति बचत हुने वा न्यून , हुने , नगरपालिकाबाट बाहिर निकासी योग्य कृषि पदार्थ) प्रकाशन गर्ने ।

र) खाद्यान्न वा अन्यबाली न्यून हुने वस्ति पहिचान गरी वस्तिको संभाव्यताको समेत लेखाजोखा गरी उत्पादनका संभाव्य क्षेत्र पहिल्याई समुचित कार्यक्रम संचालन गर्ने ।

ऱ) संचालित कार्यक्रमको अनुगमनको ब्यवस्था मिलाउन सूचक तयार गरी अनुगमन कार्य गर्ने र अनुगमनको प्रतिवेदनमा समीक्षा गर्ने।

ल) संघ तथा प्रदेश सरकारसंगको कार्यक्रम र बजेटमा सहकार्य तथा साझेदारी कायम गरी कार्य संचालन गर्ने ।

परिच्छेद ५

## ८. योजना र बजेट तर्जुमा प्रक्रियाः

(१) कृषि क्षेत्रको आवश्यक तथ्यांक तथा सूचना संकलन विश्लेषण कार्य गरी कृषि क्षेत्रको वस्तुगत , बिवरण तयार गर्ने ।

(२) बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि वस्तिस्तरमा रहेका कृषक समूह समिति तथा संस्था संग , छलफल गरी कृषकका माग र प्राथमिकता तथा लागत सहभागितालाई समेत संकलन गरी योजना तर्जुमा गर्ने रसो योजनाहरुलाइ वडा स्तरबाट प्राथमिकीकरण गर्ने ।

(३) कृषि सम्बन्धी बिषयगत समितिले यसरी वडा ,विषयगत शाखा तथा कृषि सम्बन्धि गैर सरकारी संस्था निजीक्षेत्र र सहकारी संस्थाबाट प्राप्त सुचीलाई एकिकृत गरी आफुलाई प्राप्त बजेट पूर्वानुमान , र मार्गदर्शन अनुसार भए नभएको हेर्नुका साथै प्रदेश र संघीय योजना तथा कार्यक्रम संग परिपूरकता कायम समेत गराउने ।

(४) नगरको योजनावद्ध विकासको लागि सन्चालन गर्नुपर्ने योजनाहरु लगाएत यस कार्यविधिको दफा ३ देखि ७ सम्मको उद्देश्य पूरा गर्ने किसिमका योजनाको मस्यौदा तयार गर्ने ।

(५) उपदफा (२) बमोजिमको मस्यौदा तयार गर्दा निम्न योजनाहरुलाई प्राथमिकता दिने ।

क) कृषि क्षेत्रको सम्बन्धित स्थान बिशेषको संभाव्यता हेरी कृषि व्यवसायीकरणका माध्यमबाट आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

ख) स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूलाई संबोधन गरी जनसहभागिता जुट्ने,

ग) महिला, बालबालिका तथा दलित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने , लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याीउने।

घ) बिषय क्षेत्रगतरणनीति र कार्यक्रम प्राथमिकता । ,नीति ,उद्देश्य ,आवधिक योजनाका लक्ष्य ,

## ९. योजनाक्कार्यक्रम कार्यान्वयन ,

१) बजेट स्वीकृत भए पछि कृषि शाखाबाट वडागत रुपमा योजना कार्यक्रमलाई कृयाकलापमा बिभक्त , गरी निश्चित कार्यतालिका बनाउने ।

२) यसरी कार्यतालिका तयार गर्दा कार्यक्रम कार्यान्वयनको तरिका मध्ये लिइने विकल्पहरु (जस्तै उपभोक्ता समितिसहकारी ,गैरसरकारी संस्था ,ठेक्का पट्टा , वा सेवा करार अमानत ,) मध्ये उपयुक्त विकल्पको समेत छनौट गरी उल्लेख गर्ने ।

३) प्रमुख प्रशासकीय अधिकृतले कार्यतालिका स्विकृत गरी कार्यक्रम र बजेट खर्च गर्ने जिम्मेवारी कृषि शाखामा पठाउने ।

४) कृषि शाखा प्रमुखले आफ्ना बिषयक्षेत्र अन्तर्गतका प्राथमिकता प्राप्त योजनाको सूची समेत सम्बन्धीत जिम्मेवार निकाय र व्यक्तिलाई उपलब्ध गराउनु पर्ने ।

५) कृषि शाखा प्रमुखले मासिकरुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ दुइ महिनामा- र अन्य सबै कार्यक्रमको चौमासिकरुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकाको बैठकमा पठाउने ।

६) योजनाको कार्यान्वयन सम्बन्धमा प्रत्येक २ महिनामा प्रमुखले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने ।

७) चौमासिक समीक्षा :कृषि शाखा प्रमुखले कृषि सम्बन्धि कार्यक्रमको कार्यान्वयन सम्बन्धमा प्रगति प्रतिवेदन चौमासिकरुपमा तयार गरी कार्यपालिकामा समीक्षाको लागि पठाउने र देखापरेका समस्या समधानको उपाय समेतको रणनीति कार्यपालिकाको वैठकबाट तय गर्ने ।

८) नगरपालिका स्तरीय कृषि सम्बन्धि तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, स्थलगत घुम्ती कृषक तालिम, सहजकर्ता मार्फत संचालन हुने एक बाली बिशेष कृषक पाठशाला संचालन आदि कार्यको लागि अनुसूचि २ बमोजिमको नमर्सको आधारमा रही खर्च गर्नुपर्ने ।

## १०. अनुगमन मुल्यांकन समीक्षा र प्रतिवेदन ,

क) योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमनको ब्यवस्थाका लागि अनुगमन कार्यको कार्यतालिका नगरपालिकाको अनुगमन समितिबाट स्वीकृत गराई राखे र अनुगमनको लागि बजेट समेत छुट्याउनु पर्नेछ।

ख) कृषि बिकास समितिले आवश्यकतानुसारको टोली गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउनु पर्नेछ ।

ग) अनुगमनका क्रममा नीति ,योजना कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गरिनु पर्नेछ ,

- श्रोत साधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समयतालिका अनुसार भए नभएको?
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारीरुपमा हासिल भए नभएको?
- कार्यान्वयन क्षमता के कस्तो छ?
- के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्छ ?

घ (नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा गठित अनुगमन समितिसँग समेत कृषि कार्यक्रम अनुगमन टोलीले समन्वय गरी अनुगमन गर्नु पर्नेछ ।

## ११. मध्यावधि मुल्यांकन :

क) नगरपालिकामा आवधिक योजना तयार गरी उक्त योजनाको समष्टि उपलब्धि र परिणामको मापन हुने गरी बाह्य निकाय वा बिशेषज्ञबाट मध्यावधि मुल्यांकन गर्ने प्रणाली अबलम्बन गर्नुपर्नेछ ।

खबहु (बर्षिय योजना वा प्राथमिकता प्राप्त योजनाहरुको पनि मध्यावधि मुल्यांकन गर्ने प्रणाली अबलम्बन गर्नुपर्नेछ ।

## १२. समीक्षा :

कनगरपालिकामा प्रत्ये (क चौमासिक र बार्षिक रुपमा आफ्ना संचालित सबै योजनाआयोजना ,कार्यक्रम , वा कृयाकलापहरुको प्रगति समीक्षा गर्नुपर्ने ।

ख (समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी सह ,निजी ,गैरसरकारी ,कारी विकास साझेदारहरुलाई , समेत उपस्थितगराउनुपर्नेछ ।

## १३. खारेजी र वचाउ

१. नगरपालिकामा यस अघि संचालित कृषि कार्यक्रमहरु यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ।

अनुसुचि १

दफा ७ को उपदफा १ग सँग सम्बन्धित

श्री कृ.वि.शा.का. दर्ता नं.

**खाँडाचक्र नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**मान्म, कालिकोट**

## कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले कालिकोट जिल्ला, खाँडाचक्र नगरपालिका वडा नं. ... मा मिति ............... मा गठित श्री ..................... ..........................कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति : ..............................

(.......................................)

कृषि शाखा प्रमुख

अनुसूचि २

दफा ९ को उपदफा ८ सँग सम्बन्धित

**खाडाचक्र नगरपालिका अन्तर्गतका नगरपालीका स्तरीय तालि,मगोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाहरुको नर्मश**

| **सि.नं.** | **प्रयोजन/विवरण** | **दर** | **कै.** |
|---|---|---|---|
| १०. | खाडाचक्र नगरपालिका अन्तर्गतका तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक अधिकृत स्तर (प्रति सत्र) | नगर स्तर तथा वडास्तर | |
| **११.** | **बाहिरी प्रस्तुत कर्ता** | | |
| | कार्य पत्र | १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २५०० | |
| **१२.** | **आन्तरिकप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र | १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २००० | |
| २०. | खाडाचक्र नगरपालिका अन्तर्गतका तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक साहायक स्तर (प्रति सत्र) | | |
| **२१.** | **बाहिरीप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र | ७५० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २००० | |
| **२२.** | **आन्तरिकप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र | ७५० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | १५०० | |
| ३ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, समापन खाजा खर्च प्रति दिन | रु२०० देखि १५० . | |
| ४ | मसलन्दगोष्ठ, सेमिनार, सम्मेलन, कार्यशाला, तालिमका लागि स्टेशनरी | १०० देखि १५० | |
| ५ | संयोजकभत्ता प्रति दिन | १००० | |
| ६ | सहयोगीभत्ता प्रति दिन | ५०० | |
| ७ | कृषककोलागि भत्ता नगर स्तरीय तालिमको लागि प्रति दिन | ५००देखी १००० | |
| ८ | सहभगिकोलागि आते जाते बास्तविक आधारमा | | |
| ९ | गोष्ठ, सेमिनार, सम्मेलन, कार्यशालाहरुमा सहभागि भत्ता प्रति दिन | ५०० देखी १५०० | |
| १०. | खाडाचक्र नगरपालिका अन्तर्गतका स्थलगत कृषक तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक अधिकृत (प्रति सत्र) स्तर | नगर स्तर ,वडास्तर तथा स्थलगत घुम्ती | |
| **११.** | **बाहिरीप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र तथा प्रयोगात्मक प्रती कक्षा | ७०० देखी १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २५०० | |
| **१२.** | **आन्तरिकप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र तथा प्रयोगात्मक प्रती कक्षा | ७०० देखी १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २००० | |

| सि.नं. | प्रयोजन/विवरण | दर | कै. |
|---|---|---|---|
| २०. | खाडाचक्र नगरपालिका अन्तर्गतका तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक साहायक स्तर (प्रति सत्र) | | |
| २१. | **बाहिरीप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र तथा प्रयोगात्मक प्रती कक्षा | ७०० देखी १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | २००० | |
| २२. | **आन्तरिकप्रस्तुत कर्ता** | | |
| | कार्य पत्र तथा प्रयोगात्मक प्रती कक्षा | ७०० देखी १००० | |
| | पावर पोइन्ट प्रस्तुती तथा सहजिकरण | १५०० | |
| ३ | गोष्ठ, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, खाजा खर्च प्रति व्यात्ती प्रती दिन | रु२०० देखि १५० . | |
| ४ | मसलन्दगोष्ठ, सेमिनार, सम्मेलन, कार्यशाला, तालिमका लागि स्टेशनरी | १०० देखि १५० | |
| ५ | संयोजकभत्ता प्रति दिन | १००० | |
| ६ | सहयोगीभत्ता प्रति दिन | ५०० | |
| ७ | कृषककोलागि खाना खर्च बापत प्रति दिन प्रति व्यक्ति | ५००देखी १००० | |
| १.१ | **कृषक समुह अन्तरकृया गोष्ठी २ पटक सम्म गोष्ठीमा छलफल हुने बिषयहरु कृषक पाठशालाको महव्व बाली पात्रो आधारभुत तथ्याङ्क सकलन समुहको महत्व लैगीङ्क बिष्लेषण समस्या पहिचान कार्ययोजना तयारी आदी २ दिनको लागि** | | |
| १. | पहिलो पटक अन्तरकृया गोष्टी गर्न ४०जना कृषक सहभागीहरु लाइ खाजा खर्च रु १५०का दर ले | ६००० | |
| २ | दोस्रो पटक अन्तरकृया गोष्टी गर्न ३०जना कृषक सहभागीहरु लाइ खाजा खर्च रु १५०का दर ले | ४५०० | |
| ३ | भिन्दा भिन्दै मितिमा दुइ पटक सम्म उल्लेखीत बिषयमा गोष्ठी सन्चालन गर्न चाहीने रजिष्टर कपि स्केल डटपेन सिसाकलम मार्कर चार्टपेपर आदी ४० जनालाइ | १००० | |
| ४ | गोष्ठी संचालन गर्न दैनिक भत्ता भ्रमण खर्च प्रतिव्यक्ती प्रतिदिन रु ४०० का दर ले २जना सहज कर्ता को २दिनको | १६०० | |
| ५ | श्रोत व्यक्ती यातायात खर्च बापत २ जनाको २दिनको | ४०० | |
| | **जम्मा** | १३५०० | |
| १.२ | सिजनल पलानिङ्ग गोष्ठि गर्न खर्च १ दिनको | | |
| १ | खाजा खर्च २५जना सहभागी २ जना सहज कर्ता २७ | ४०५० | |
| २ | गोष्ठी संचालन गर्न सहज कर्ता २ जना | ८०० | |
| ३ | श्रोत व्यक्तिको यातायात खर्च २ जना | २०० | |
| | जम्मा | ५०५० | |
| १ . ३ | स्थलगत पाठशाला संचालन गर्न खर्च बिबरण १६दिनका लागी प्रति हप्ता १ दिनका दरले | | |
| १ | २५ जना कृषक २ जना सहज कर्ता को लागी रु १५० का दर ले २७ जनाको लाग खाजा खर्च | ६४८०० | |
| २ | बीउ,बेर्ना,मलखाद,सिचाइ,बोर्ड,अन्य सामाग्री पलाष्टीक डर्म साइन बोर्ड | १०४०० | |

| सि.नं. | प्रयोजन/विवरण | दर | कै. |
|---|---|---|---|
| | जैबिक बिषादी्‌,रगीन कलम मार्कर ब्राउपेपर्‌,कैची धागो फोटो कपीपेप पोली व्याग आदी गरी | | |
| ३ | सहजकर्ता दैनिक भत्ता १६दिनको | १२८०० | |
| ४ | सहजकर्ता यातायात | ३२०० | |
| १.४ | कृषक दिवश मनाउने तथा अन्तीम प्राबिधिक प्रतिबेदन को तयारी खर्च बिबरण | ९१२०० | |
| १ | आमन्त्रित जनप्रतिनिधि जिल्लास्तरीय कार्यालय अन्य सहभागी कृषक गरी १५०जना सम्मलाइ खाजा खर्च | १५००० | |
| २ | व्यवस्थापन खर्च स्टज निर्माण,साउण्ड बक्स निमन्त्रणाकार्ड आदी | २००० | |
| ३ | पुरस्कार प्रथम१०००,द्धितिय७५०,तृतिय ५०० गरी | २२५० | |
| ४ | श्रोत व्याक्तिको दैनीक भ्रमण तथा यातायात खर्च | १००० | |
| ५ | प्रतिवेदन को तयारी | १००० | |
| | जम्मा | २१२५० | |
| | कुल जम्मा | १३१००० | |

**आज्ञाले,**

**कासीप्रसाद पंगेनी**

**प्रमुख प्रशासकीय अधिकृत**